राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३ २०८२ साउन ४ गते आईतवार (20 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## राजनीतिमा फर्केका पूर्व राष्ट्राध्यक्षप्रति भट्टराईको प्रश्न

दैनिक समाचारदाता

काडमाडौं, ३ असार । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पूर्वराष्ट्पति र पूर्वउपराष्टूपति पुनः सक्रिय राजनीतिमा फर्किएकोप्रति गम्भीर प्रश्न उठाएका छन् ।



एमाले(माओवादीमा पूर्वराष्ट्रपति र उपराष्ट्रपतिको राजनीतिक सक्रियतालाई लिएर भइरहेको बहस र विवादले शिशु अवस्थामै रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको स्वास्थ्य, मर्यादा र दीगो स्थायित्वमा गम्भीर प्रश्न उठ्ने उनको भनाइ छ ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन सक्रिय राजनीतिमा फर्किनु उनीहरुको निजी र दलगत सरोकारको विषयमात्रै नभएको टिप्पणी गरेका छन् ।

शुक्रबार साँझ सामाजिक सञ्जालमा पोस्ट गर्दै भट्टराईले भण्डारी र पुनको राजनीतिक सक्रियता राष्ट्रिय हित, गणतन्त्रको मर्म र शासकीय प्रणालीको चरित्रसँग गहिरो रूपमा जोडिने उल्लेख गरेका छन् ।

संविधान र कानुनले पूर्वराष्ट्रपति वा उपराष्ट्रपतिलाई पुनः राजनीतिमा सक्रिय हुन बन्देज नगरेपनि यो विषय नैतिक मूल्य, सार्वजनिक हित र अन्तर्राष्ट्रिय अभ्याससँग जोडिने भट्टराईको तर्क छ ।

भारत लगायतका गणतान्त्रिक मुलुकहरूमा पूर्वराष्ट्रपतिहरू कार्यकाल सकिएपछि पुनः राजनीतिमा नफर्किएको दृष्टान्त दिँदै उनले लेखेका छन्, ‘राजेन्द्र प्रसाददेखि प्रणव मुखर्जी सम्मले दलमा फर्कने प्रयास गरेनन् ।’

नेपालको संविधानले राष्ट्रपतिलाई सेरेमोनियल भूमिकामा राखेको भएपनि त्यस पदको गरिमा कायम राख्न पूर्वराष्ट्राध्यक्षहरू दलगत मोहबाट मुक्त हुनुपर्नेमा उनको जोड छ ।

पूर्वराष्ट्रपति भण्डारी र पूर्वउपराष्ट्रपति पुन दुवै कम्युनिस्ट पृष्ठभूमिका नेताहरू भए पनि अहिलेको बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीले पुरानो ‘पार्टी स्टेट’ संरचना अस्वीकार गरिसकेको उल्लेख गर्दै उनले लेखका छन्, ‘यदि उनीहरू अझै पनि एकदलीय सोचबाट निर्देशित छन् भने त्यो अनुचित हो ।’ पूर्वराष्ट्रपति भण्डारीले ‘जबजको रक्षार्थ एमाले फर्किएको’ भनी दिएको अभिव्यक्तिप्रति समेत असन्तुष्टि जनाउँदै भट्टराईले भनेका छन्, ‘त्यो भनाइ स्वयं जबजको मर्मविपरीत छ, यसले कम्युनिस्ट आन्दोलनमै अन्योल बढाउँछ ।’

अहिले नेपालमा पुराना खालका दलगत नेताभन्दा पनि दूरदृष्टि भएका राजनेता हरूको खाँचो औंल्याउँदै उनले अन्त्यमा लेखेका छन्, ‘ हाम्रा पूर्व राष्ट्रपति र पूर्व उपराष्ट्रपति लगायतका हिजो संघीय लोकतान्त्रिक गणतन्त्रनिम्ति अतुलनीय योगदान गरेका नेतागणबाट जनताले यो अपेक्षा गर्नुलाई कसरी अन्यथा भन्न मिल्ला र? विज्ञेषु किमधिकम्, इत्यलम् ( बुद्धिमानहरुका लागि यत्ति नै काफी छ, थप केही भन्नु आवश्यक छैन !’

## झोले सरकारको गुण्डागर्दीको प्रतिकार गरौं : प्रभु साह

दैनिक समाचारदाता

काठमाडौं, ३ साउन । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले दुई तिहाईको शक्तिशाली सरकारले काठमाडौंमै व्यवसायीहरुको सुरक्षा गर्न नसकेको बताएका छन् ।

काठमाडौंको कोटेश्वरमा बसेको कबाड व्यवसायीको बैठकलाई सम्बोधन गर्दै उनले प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकले काठमाडौंका व्यवसायीलाई सुरक्षा दिन नसकेको बताए ।

‘काठमाडौंमा व्यवसायीहरू असुरक्षित हुँदै गइरहेका छन् । यो दुई तिहाईको शक्तिशाली सरकारले सुरक्षा दिन सकेको छैन् । अदालतको आदेशविपरीत काठमाडौं महानगरले कबाड व्यवसायीको कबाडमा डोजर आतंक मचाएको छ । तर, सरकारले ति व्यवसायीलाई सुरक्षा दिन असफल भइसकेको छ’, आजपा अध्यक्ष साहले भने, ‘सरकार त दुई तिहाई बहुमतको शक्तिशाली छ । तर काम बिचौलिया र दलालको मात्रै गरिरहेको छ । यहाँका व्यवसायीलाई सुरक्षा दिनुपर्ने सरकार टुलटुलु बसेर हेर्न मिल्छ ?’



अदालतको आदेश विपरीत काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको निर्देशनमा काठमाडौंमा कबाड व्यवसायीको कबाडमा डोजर आतंक चलिरहेको उनले बताए ।

दुई तिहाईको शक्तिशाली भनिए पनि वर्तमान सरकार झोले सरकार भएको टिप्पणी गर्दै आफ्नो परिवार, व्यवसायको सुरक्षाका लागि अब महानगरको गुण्डागर्दीविरुद्ध प्रतिकारमा उत्रिनुको विकल्प नभएको उनले बताए ।

‘अदालतको आदेश छ कबाड व्यवसायलाई नहटाउ तर यहाँ अदालतको आदेश पालना हुँदैन् । सरकारले सुरक्षा दिँदैन । महानगरले डोजर आतंक मचाएको छ । यस्तो अवस्थामा तपाईंहरू आफ्नो परिवार, पेस व्यवसायको सुरक्षाका लागि अब प्रतिकारमा उत्रिनै पर्छ । महानगरको गुण्डागर्दी सहेर बस्न सकिदैन्’, आजपा अध्यक्ष साहले भने ।

## काभ्रेमा बस दुर्घटना, २३ जना घाइते

दैनिक समाचारदाता

काभ्रेपलाञ्चोक ३ साउन । काभ्रेको भुम्लु गाउँपालिका-८ पौवास्थित भित्री सडक खण्डमा यात्रुबाहक बस दुर्घटनामा परेको छ। शनिबार दिउँसो भएको उक्त दुर्घटना ब्रेक फेल भएर भएको बताइएको छ । यद्यपि घटनाबारे थप अनुसन्धान जारी छ ।रामेछापको डोरखानीबाट काठमाडौंतर्फ जाँदै गरेको बा ३ ख ८४०८ नम्बरको बस दुर्घटनामा परेको हो ।

बस सडकको भित्तामा ठोक्किएर दुर्घटनामा परेको थियो । बसमा सवार ३२ जना यात्रुमध्ये २३ जना घाइते भइ उपचारका लागि धुलिखेल अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय, काभ्रेका प्रमुख कोमल शाहले जानकारी दिए ।

बस घटनास्थलमै रहेको र चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## सप्तरीमा तीन जनाको मृत्यु

दैनिक समाचारदाता

सप्तरी ३ साउन । सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकामा शनिबार करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । गाउँपालिका-४, टेङग्री बस्ने ७० वर्षीया उर्मिलादेवी यादवको खेतमा विद्युतीय मोटरबाट करेन्ट लागेर मृत्यु भएको हो ।

घरभन्दा एक किलोमिटर उत्तर पट्टी आफ्नै खेतमा विद्युतीय मोटरबाट अचानक करेन्ट लागि घाइते भएकी यादवलाई उपचारका लागि राजविराज ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो ।

यस्तै, सोही गाउँपालिका-४, बनौलीमा शनिबार एक युवक झुण्डिएको अवस्थामा फेला परेको छ । स्थानीय १९ वर्षीय अरबिन्द साह झुण्डिएको अवस्थामा मृत फेला परेको हो ।

युवक रुखमा झुण्डिएको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । घटनास्थलमा प्रारम्भिक

*बाँकी पृष्ठ ४मा*

## ठेकेदारमाथि ६ लाख ठगीको आरोप चेक वाउन्स र धम्कीको गुनासो

दैनिक समाचारदाता

जनकपुरधाम, ३ साउन । जनकपुरधामका एक ठेकेदारले उपकरण आपूर्ति गरेबापतको भुक्तानी नदिएको तथा पटक(पटक ताकेता गर्दा धम्कीसमेत दिएको आरोप एक व्यवसायीले लगाएका छन् । आरके साह मेसनरी प्राइभेट लिमिटेडका प्रबन्ध निर्देशक राजेश कुमार साहले शनिबार पत्रकार सम्मेलनमार्फत जी(टेक एन्ड इन्जिनियरिङ प्रालिका सञ्चालक सुजित कुमार कापरीले ६ लाख ५० हजार रुपैयाँ बराबरको उपकरण लिएर न त भुक्तानी गरेका न त सापटी रकम फिर्ता गरेका दाबी गरेका हुन् ।

साहका अनुसार कापरीले सिटिजन बैंकको चेक चैत १५ गते म्याद तोकी दिएका थिए, जुन तीनपटक वाउन्स भएको थियो । चेकमा कार्यालयको छापसमेत नरहेको र रकम माग्दा जे गर्नुछ गर भन्ने शैलीमा जवाफ दिएको साहको भनाइ छ ।



घटनासँग सम्बन्धित कागजात र चेक वाउन्सको प्रमाणका आधारमा २०८२ जेठ १ गते कापरीविरुद्ध पक्राउ आदेश जारी भएको पनि जनाइएको छ ।

साहले थप आरोप लगाउँदै भनेका छन् कि यस विषयमा समाचार प्रकाशित भएपछि मन्त्रालयका कर्मचारी संजय मण्डलले फोन गरेर समाचार रोक्न अनुरोध गरेका थिए । पछि उनीसमेत कापरीबाट पैसा लिन भनिएको दाबी गरे ।

कापरीविरुद्ध नेकपा एमालेका नेताहरूका परिवारका सदस्यले पनि दबाब र धम्की दिएको साहको आरोप छ ।


कापरी हंसपुर नगरपालिकाबाट एमालेका तर्फबाट वडा अध्यक्षका उम्मेदवार बनेका थिए । हाल उनी प्रोग्रेसिभ इन्जिनियरिङ एसोसिएसन, मधेश प्रदेशका अध्यक्ष रहेको जनाइएको छ । प्राविधिक पृष्ठभूमिका दुवै व्यक्ति( साह र कापरी(पेशाले इन्जिनियर हुन् ।

**डेंगीबाट बचौं र बचाऔं ।**

लक्षणः
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

*लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:*
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं
- डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## सम्पादकीय

# वाम एकताको सन्देश

पूर्वउपप्रधानमन्त्री वामदेव गौतम चार वर्षपछि नेकपा (एकीकृत समाजवादी) मा समाहित भएका छन्। नेकपा विघटनपछि उनले गठन गरेको 'एकता राष्ट्रिय अभियान' अन्ततः माधव नेपाल नेतृत्वको दलमा विलय भएको छ। यो घटनाले वामपन्थी एकताको बहसलाई पुनः ताजा बनाएको छ।

२०७५ सालमा एमाले र माओवादी केन्द्रको एकताले दुई तिहाइको शक्तिशाली वाम सरकार बने पनि, दक्षिणपन्थी अवसरवाद, नेतृत्वको व्यक्तिवादी चरित्र र विचारहीन प्रतिस्पर्धाका कारण त्यो प्रयोग विफल भयो। त्यसपछि वाम आन्दोलन छिन्नभिन्न मात्र होइन, अविश्वसनीय बन्न थाल्यो।

गौतमको राजनीतिक यात्रालाई केहीले 'ढुलमुले' भने पनि, वाम एकताका लागि उनी निरन्तर संवाद र प्रयासमा लागिरहे। ओलीसँगको निकटता र समाजवादीसँगको पुनः सहकार्य त्यसैको प्रमाण हो। अब भने उनले समाजवादको झण्डा बोक्दै अन्तिमपटक संगठित वाम आन्दोलनको सम्भावना जोगाउने प्रयास गरेका छन्।

कार्यक्रममा अध्यक्ष माधव नेपालले गौतमलाई 'व्यक्ति नभई आन्दोलन' को रूपमा व्याख्या गर्दै जिम्मेवारी दिने आश्वासन दिए। तर वाचा मात्र पर्याप्त छैन–अबको आवश्यकता हो विचारमा स्पष्टता, संगठनमा अनुशासन र जनताको जीवनसँग जोडिएको कार्यक्रम।

आजको वाम राजनीति पुनः सशक्त बन्न चाहन्छ भने व्यक्तिवाद, सत्ता मोह र सिद्धान्तहीन रणनीति त्यागेर जनताको मुद्दा केन्द्रमा राख्नुपर्छ। गौतमको पुनरागमन एउटा अवसर हो–यदि सही दिशा लिएर अघि बढ्न सकिएमा मात्र।

# मोदीको ग्लोबल साउथ कूटनीति

नयाँ दिल्ली। प्रधानमन्त्री नरेन्द्र मोदीले अफ्रिकाबाट सुरु भई अफ्रिकामा नै सम्पन्न भएको पाँच-राष्ट्रिय भ्रमण गर्नुभयो। यस भ्रमणमा अफ्रिकामा विशेष जोड दिइएको थियो र ग्लोबल साउथ यसको समग्र सन्दर्भ थियो। आफ्नो भ्रमणको अन्तिम चरणमा नामिबियाको संसदमा बोल्दै प्रधानमन्त्री मोदीले सन् २०१८ मा युगान्डाको संसदलाई सम्बोधन गर्दा पहिलो पटक प्रस्तुत गर्नुभएको भारतको अफ्रिका नीतिका १० मार्गदर्शक सिद्धान्तहरू दोहोर्याउनुभयो। यी सिद्धान्तहरूले मूलतः अफ्रिकाको प्राथमिकता, अफ्रिट्युड (बचष्तगमभ) र अफ्रिकाको आफ्नै छनोट तथा हितको सम्मानमा जोड दिन्छन्, पुरानो मोडेलहरू लाद्नुको सट्टा, जसमध्ये धेरै पहिले उपनिवेशीकरण गर्ने वा अहिले आधुनिक, प्रायः कपटपूर्ण रणनीतिहरू र ऋण पासोमार्फत नव-उपनिवेशीकरण गर्ने राष्ट्रहरूबाट आएका हुन्।

अफ्रिकीहरू जागा मात्र भएका छैनन्, उनीहरू भिजन २०६३, क्षेत्रीय र उप-क्षेत्रीय एकीकरण, र अफ्रिकी महाद्वीपीय स्वतन्त्र व्यापार सम्झौता (बऋँत्ब) जस्ता पहलहरूमार्फत आफ्नो महाद्वीपलाई सुदृढ पार्न पनि काम गरिरहेका छन्, यद्यपि गहिरो शासन र विकास चुनौतीहरू अझै कायमै छन्। सँगै, उनीहरू एक अद्वितीय वार्तालाप लाभका साथ उभिन सक्छन्। प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा यही कुरालाई जोड दिनुभएको थियो, किनकि भारतले स्वास्थ्य क्षेत्रदेखि नवीकरणीय ऊर्जा, उद्यमशीलता र क्षमता निर्माण, रक्षा र सुरक्षा, खेलकुद, र अत्यधिक प्रशंसित चिता कूटनीतिसम्मका विशेष पहलहरूमार्फत नामिबियाको शान्ति, समृद्धि, र दिगो विकासका लागि प्रतिबद्धता जनाएको छ।

उहाँले घानाबाट आफ्नो पहिलो भ्रमण सुरु गर्नुभयो, जहाँ भारतसँग गहिरो ऐतिहासिक सम्बन्ध छ। दुवै राष्ट्र असंलग्न आन्दोलनका साझेदार थिए र औपनिवेशिक दासताबाट अफ्रिकी मुक्तिका लागि अग्रणी आवाज थिए। घानाको संसद्मा बोल्दै प्रधानमन्त्री मोदीले यसलाई लोकतन्त्र, मर्यादा र लचिलोपनको भावना फैलाउने भूमि भनेर वर्णन गर्नुभयो। उहाँले लोकतान्त्रिक आदर्श र समावेशी प्रगतिको लागि घानाको प्रतिबद्धताको प्रशंसा गर्दै यसलाई अफ्रिकी महाद्वीपका लागि प्रेरणाको किरण बताउनुभयो। 'हाम्रो मित्रता तपाईंको प्रसिद्ध 'सुगरलोफ' भुइँकटहरभन्दा मीठो छ,' उहाँले टिप्पणी गर्नुभयो।

राष्ट्रपति महामासँग, उहाँले सम्बन्धलाई व्यापक साझेदारीमा उचाल्ने सहमति जनाउनुभयो। अस्थिर विश्वव्यापी चुनौतीहरूको बिचमा अफ्रिकाका लागि भारतको प्राथमिकताहरूको बारेमा बोल्दै, उहाँले भारत अफ्रिकाको विकास यात्रामा एक प्रतिबद्ध साझेदार रहने आश्वासन दिनुभयो। 'हामी अफ्रिकाको विकास फ्रेमवर्क, एजेन्डा २०६३ लाई यसका जनताका लागि उज्ज्वल र दिगो भविष्य सुरक्षित गर्न समर्थन गर्दछौं। अफ्रिकाका लक्ष्यहरू हाम्रा प्राथमिकताहरू हुन्। हाम्रो दृष्टिकोण समान रूपमा सँगै बढ्ने हो। अफ्रिकासँगको हाम्रो विकास साझेदारी माग-आधारित छ, स्थानीय क्षमता निर्माण र स्थानीय अवसरहरू सिर्जनामा केन्द्रित छ। हाम्रो उद्देश्य लगानी मात्र होइन, सशक्तिकरण गर्नु हो – आत्म-दिगो पारिस्थितिकी प्रणालीहरू विकास गर्न मद्दत गर्नु हो।'

उहाँले अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (क्ष्कब), विश्वव्यापी जैविक इन्धन गठबन्धन, आपदा प्रतिरोधी पूर्वाधार गठबन्धन (ऋम्च्क्ष), बिग क्याट गठबन्धन, डिजिटल सार्वजनिक पूर्वाधार (म्एक्ष), र सधैं उपस्थित भारतीय दर्शन 'एक विश्व, एक परिवार, एक भविष्य' (वसुधैव कुटुम्बकम्) जस्ता प्रमुख भारतीय पहलहरूको पनि स्मरण गर्नुभयो, ती सबै अफ्रिका र अन्य ग्लोबल साउथ देशहरूका लागि उपयोग भइरहेका छन्।

त्यसैगरी, उहाँको ट्रिनिदाद र टोबागोको भ्रमण पनि अत्यधिक महत्त्वपूर्ण थियो, जहाँ शताब्दीयौंदेखि बसोबास गर्दै आएको भारतीय डायस्पोराले ठूलो राजनीतिक प्रभाव प्राप्त गरेको छ तर भारतसँग बलियो स्नेह र सम्बन्ध कायम राखेको छ। संसदको संयुक्त सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले त्यहाँको महिला नेतृत्वको प्रशंसा गर्नुभयो, 'यस महान राष्ट्रका जनताले दुई उल्लेखनीय महिला नेताहरू - राष्ट्रपति र प्रधानमन्त्रीलाई छनोट गरेका छन्। उहाँहरू गर्वका साथ आफूलाई भारतीय डायस्पोराका छोरीहरू भन्नुहुन्छ। उहाँहरू आफ्नो भारतीय विरासतमा गर्व गर्नुहुन्छ। भारतमा, हामी उहाँहरूको नेतृत्व, साहस र दृढताको प्रशंसा गर्छौं। उहाँहरू साझा जरा र साझा सपनामा निर्मित हाम्रा देशहरूबिचको सम्बन्धका जीवित प्रतीक हुन्।'

राजनीतिदेखि कवितासम्म, क्रिकेटदेखि वाणिज्यसम्म, क्यालिप्सोदेखि चटनीसम्म, यो सम्बन्ध जनतादेखि जनतासम्मको स्तरमा फस्टाएको छ, जसले उनीहरूलाई ट्रिनिडाड र टोबागोले सम्मान गर्ने जीवन्त विविधताको एक अभिन्न अंग बनाएको छ। 'सँगै, तपाईंले 'हामी सँगै आकांक्षा गर्छौं, हामी सँगै हासिल गर्छौं' भन्ने आदर्श वाक्यमा बाँच्ने राष्ट्र निर्माण गर्नुभएको छ,' उहाँले भन्नुभयो। ट्रिनिदाद र टोबागोले भारतको यूपीआई (यूपीआई) डिजिटल प्लेटफर्म अपनाउने निर्णय गरेसँगै, अन्य डिजिटल आविष्कारहरूमा पनि सहयोग विस्तार गरिनेछ। भारतले ग्लोबल साउथमा वृद्धि र विकासलाई बढावा दिन एआई (एआई) उपकरणहरू विकास गर्दा, ट्रिनिदाद र टोबागो प्राथमिकतामा पर्नेछ। 'हामी कृषि, बागवानी, र खाद्य प्रशोधनमा हाम्रो विशेषज्ञता बाँड्नेछौं। भारतबाट आएका मेसिनरीले तपाईंको कृषि-उद्योगलाई सहयोग गर्नेछ। र, किनभने विकास मर्यादाको बारेमा हो, हामी यहाँ फरक क्षमता भएका नागरिकहरूका लागि कृत्रिम अंग प्रत्यारोपण शिविर आयोजना गर्नेछौं,' प्रधानमन्त्री मोदीले घोषणा गर्नुभयो।

उहाँले क्यारिकम (ऋब्च्क्ष्ऋइः) ढाँचामा थप गति खोज्नुभयो। दोस्रो भारत-क्यारिकम शिखर सम्मेलनको गतिसँगै, 'हामी व्यापार र लगानी बढाउने, पूर्वाधार र गतिशीलता निर्माण गर्ने, समुदाय विकास परियोजनाहरू कार्यान्वयन गर्ने, र सबैभन्दा महत्त्वपूर्ण कुरा, ठूलो मात्रामा क्षमता निर्माण, प्रशिक्षण, र सीप विकासलाई समर्थन गर्ने पहलहरूमा सहकार्य गर्न उत्सुक छौं,' उहाँले भन्नुभयो।

### *अर्जेन्टिना र ब्राजिलसँगको रणनीतिक साझेदारी*

ल्याटिन अमेरिका र जी२० मा भारतका सबैभन्दा रणनीतिक साझेदारहरूमध्ये दुई अर्जेन्टिना र ब्राजिलको उहाँको भ्रमण उनीहरूको विकासात्मक अभिसरण र साझा विश्वव्यापी सरोकारहरूलाई ध्यानमा राख्दै उत्तिकै लक्षित र फलदायी थियो। उल्लेखनीय रूपमा, ब्यूनस आयर्सको भ्रमण ५७ वर्षमा भारतीय प्रधानमन्त्रीद्वारा गरिएको पहिलो द्विपक्षीय भ्रमण थियो, जुन एकपटक हाम्रा धेरै साझेदारहरूसँग सामान्य अवस्था थियो जसले उच्च-स्तरीय भ्रमणको कमीको गुनासो गर्थे। तथापि, यो एक मात्र हुन सक्दैन; निरन्तर संलग्नता महत्वपूर्ण छ।

राष्ट्रपति जेभियर माइलीसँग, प्रधानमन्त्री मोदीले रक्षा, कृषि, खानी, तेल र ग्यास, नवीकरणीय ऊर्जा, व्यापार, र लगानीमा सहयोगको खोजी गर्नुभयो। आधुनिक समयमा, अर्जेन्टिनाको महत्त्वपूर्ण खनिज र ऊर्जा स्रोतहरू, जस्तै लिथियम र शेल, प्राकृतिक पूरकता प्रदान गर्दछन्। रक्षा र सुरक्षा सहकार्यहरूले पनि हालका वर्षहरूमा प्रमुखता प्राप्त गरेका छन्।

ल्याटिन अमेरिकामा भारतको एक लामो समयको मित्र, ब्राजिलले १७ औं ब्रिक्स प्लस शिखर सम्मेलन आयोजना गरेको थियो, जसमा सबै सदस्य र साझेदार देशहरू (कुल २१) उपस्थित थिए, जबकि चिनियाँ र रूसी राष्ट्रपतिहरूलाई क्रमशः उनीहरूका प्रधानमन्त्री र विदेशमन्त्रीले प्रतिनिधित्व गरेका थिए। यो लगभग आईबीएसए प्लसजस्तो देखिन्थ्यो। ब्रिक्स नेताहरूले पहलगाम आतंककारी हमलाको स्पष्ट रूपमा निन्दा गरे र स्पष्ट संकल्पका साथ अन्तर्राष्ट्रिय आतंकवादमाथि वृहत् सम्मेलन (सीसीआईटी) का लागि भारतको पहल र ब्रिक्स काउन्टर-टेररिज्म संयन्त्रलाई समर्थन गरे, जहाँ भारत गहिरो रूपमा संलग्न रहेको छ। यो हालै चीनमा भएको एससीओ (एससीओ) रक्षा मन्त्रीहरूको बैठकको विपरीत थियो, जहाँ चीन-पाकिस्तानी अक्षले पहलगाम हमलाको सन्दर्भहरूलाई विफल पारेको थियो, यसले 'रियो घोषणा' मा ब्रिक्सको समर्थनलाई भारतको स्थितिको पुष्टि गर्‍यो।

भारतका सबै प्रमुख सरोकारहरू र ग्लोबल साउथको कल्याण, साथै युद्ध, जलवायु परिवर्तन, एकपक्षीय शुल्क, व्यापार असन्तुलन, मुद्रा मुद्दाहरू, र विश्वव्यापी शासन जस्ता आधुनिक चुनौतीहरूलाई उचित रूपमा सम्बोधन गरियो र सन् २०२६ मा भारतको ब्रिक्स अध्यक्षता अन्तर्गत थप अगाडि बढाइनेछ। यस वर्ष, भारतले क्वाड शिखर सम्मेलन पनि आयोजना गर्दैछ। यद्यपि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्रिक्स देशहरूलाई थप शुल्कको धम्की दिएका छन्, यसलाई पश्चिम विरोधी र अमेरिका विरोधीको रूपमा बुझेर। भारत र अन्य देशहरूले पश्चिमलाई ब्रिक्स एक गैर-पश्चिमी समुदाय हो, पश्चिम विरोधी होइन, भनेर आश्वस्त पार्ने प्रयास गरेका छन्। यद्यपि महाशक्ति टकरावले कहिलेकाहीँ अन्यथा सुझाव दिन्छ। भारतले एक नियमित जी७ सहभागी र ब्रिक्स संस्थापकको रूपमा सेतु निर्माता बन्ने लक्ष्य राख्दै व्यावहारिक नीति अपनाउन जारी राखेको छ।

प्रधानमन्त्री मोदीले ब्रिक्स शिखर सम्मेलन पछि ब्राजिलको पनि धेरै सफल द्विपक्षीय भ्रमण गर्नुभयो, जहाँ 'भारत र ब्राजिल–उच्च उद्देश्य भएका दुई महान राष्ट्रहरू' नामक संयुक्त वक्तव्य जारी गरियो, जसले संयुक्त राष्ट्र सुरक्षा परिषद्मा सिटको लक्ष्य राखेका दुई राष्ट्रहरूको अभिसरण र पूरकतालाई जोड दियो। साथै सम्बन्धको स्पेक्ट्रमभरि सहयोगात्मक म्याट्रिक्सका पाँच प्रमुख स्तम्भहरूमा ध्यान केन्द्रित गर्‍यो।

भारतको सम्बन्ध र यसको नेतृत्वको संलग्नताको महत्त्वलाई ध्यानमा राख्दै, यी पाँच देशहरूमध्ये चारले प्रधानमन्त्री मोदीलाई आफ्नो सर्वोच्च सम्मान प्रदान गरे। अर्जेन्टिनाले उहाँलाई ब्यूनस आयर्सको साँचो पनि दियो। यी सबै देशहरूसँग धेरै समझदारी पत्र र सम्झौताहरूमा हस्ताक्षर गरियो, जसले विस्तारित सहयोगका लागि ढाँचा प्रदान गर्‍यो।

आफ्ना सबै भ्रमणहरूमा, प्रधानमन्त्री मोदीले सहयोग र द्वन्द्वबाट बच्ने भारतको अन्तर्राष्ट्रिय नीतिलाई जोड दिनुभयो। भारतले विश्वव्यापी संलग्नतालाई 'शक्तिको सट्टा साझेदारीद्वारा; प्रभुत्वको सट्टा संवादद्वारा; र बहिष्करणको सट्टा समानताद्वारा' अगाडि बढाउने दाबी गर्नुभयो।

जहाँसम्म अफ्रिकाको सवाल छ, पछिल्लो दशकदेखि प्रतीक्षारत चौथो भारत-अफ्रिका शिखर सम्मेलन आयोजना गर्नु वास्तवमै समयसापेक्ष र उपयोगी हुनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# समानता र शान्तिका पर्याय नेल्सन मण्डेला




एजेन्सी । औपचारिक परिचय दक्षिण अफ्रिकाको पहिलो जननिर्वाचित राष्ट्रपति हो। तीनै नेल्सन मण्डेलाको जन्म दिन भएका कारण १८ जुलाईलाई संसारका सारा स्वतन्त्र प्रेमी व्यक्तिले नेल्सन मन्डेला डेको रूपमा सम्झिए।

मान्छेको परिचय प्रमुख केबल मान्छे नै हो। वर्ग, वर्ण, जातीय सम्प्रदाय र भूगोलको सीमाका नाममा भएको मान्छे बीचकै विभेदकै कारण अहिले संसारमा हजारौँ जनाले यातना मात्र भोगेका छैनन्, प्रत्येक दिन ज्यान समेत गुमाउनको सङ्ख्या त्यत्तिकै छ। त्यो विभेदरहित संसारको चाहना राख्ने सबैका लागि १८ जुलाई पक्कै विशेष दिन हो।

'मदिबा' उपनामले चिनिने मन्डेलाको १०८ औँ जन्म दिन शुक्रबार मनाइएको हो। दक्षिण अफ्रिकाको राजकीय परिवारमा जन्मेका मन्डेला पहिलो अश्वेत राष्ट्रपतिको रूपमा पनि कीर्तिमान बनाउन सफल भएका थिए। दक्षिण अफ्रिकामा कायम रहेको रङ्गभेद नीति हटाउनका लागि उनले २७ वर्ष जेलमा आफ्नो जीवन बिताएका थिए। 'अफ्रिकाका गान्धी' उपनामले चिनिने उनले नोबेल शान्ति पुरस्कार लगायत २५० भन्दा बढी सम्मान र पुरस्कार पाए।

नेल्सन मन्डेला सेन्टर मेमोरीले उनको सम्मानमा र सम्झनामा सग्राहलय नै स्थापना गरेको छ। नेल्सन मन्डेलाले सन् १९६४ देखि १९९० सम्म रुबेन मरुभूमिमा रहेको जेलमा जीवन बिताएका थिए।

*मन्डेला पहिले र मन्डेलापछिको अफ्रिका*

सन् १९९० मा मन्डेला जेलबाट रिहा भएका थिए। सो समयपछि नै दक्षिण अफ्रिकाले आर्थिक र सामाजिक रूपले धेरै ठुलो फड्को मारेको थियो। साँचो भन्दा दक्षिण अफ्रिकामा सन् १९९० को दशकपछि थुप्रै बहुराष्ट्रिय कम्पनी भित्रिएका थिए। यसरी कम्पनी भित्रनुमा अन्तर्राष्ट्रिय क्षेत्रमा मन्डेलाको छवि एउटा प्रमुख कारण थियो।

सन् १९९० मा दक्षिण अफ्रिकाको यो विकासको असर छिमेकी अफ्रिकी देशमा समेत परेको थियो। विश्व बैंकले एक दशकअघि नै मोजाम्बिक, इथियोपिया, तान्जानिया, कङ्गो घाना, जाम्बिया र नाइजेरियामा तीव्र रूपमा आर्थिक विकास भइरहेको जनाउँदै योक्रम अझ कायम रहने प्रक्षेपण गरेको थियो।

मन्डेलाको उदयपछि दक्षिण अफ्रिका लगायतकै देशले कृषिलाई व्यवस्थित र रूपमा उद्योगको रूपमा नयाँ स्वरूप दिएको कारण यो उपलब्धि प्राप्त भएको ठहर भएको थियो।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्यांक र त्यहाँको सूची अनुसार दक्षिण अफ्रिका सन् १९८० को दशकमा न्यून आय भएको देशको सूचीमा थियो भने सन् २०१० मा उच्च मध्यम आय भएको देशको सूचीमा रहेको थियो। सन् १९९० देश लगानी कर्ताकै लागि दक्षिण अफ्रिका भरपर्दो स्थान भएको थियो। दक्षिण अफ्रिकामा गरिने लगानी जोखिम रहित भएको ठहर औद्योगिक क्षेत्रले गरेकै कारण अहिलेको दक्षिण अफ्रिकाको विकसित रूप तयार भएको हो।

२७ अप्रिल १९९४ का दिन अश्वेत अमेरिकीले पहिलो पटक आम निर्वाचनमा मतदान गरेका थिए। त्यस भन्दा अघि दक्षिण अफ्रिकी अश्वेतमाथि शताब्दीदेखिको यातना कायम थियो।

१९ औँ शताब्दीमा डच दक्षिण अफ्रिकामा प्रवेश गरेका थिए। उनीहरूको शासन त्यहाँ थियो। १७ औँ र १८ औँ शताब्दीमा दक्षिण अफ्रिका बेलायती साम्राज्य अधीनमा थियो। त्यसै समयदेखि सन् १९९० को दशकसम्म दक्षिण अफ्रिकामा अश्वेत स्वतन्त्रताका लागि लडेका थिए। श्वेतको शासन अन्तरगत सबै किसिमका अश्वेत लगायत सबै आप्रवासीले ज्यादती सहेका थिए।

गरिबी, यातना र दासको विरुद्धमा लड्दै दक्षिण अफ्रिकाले त्यहाँ विद्रोहको सुरुवात गरेका हुन्। लामो समयको यस युद्ध लड्ने अश्वेत जनसङ्ख्या दक्षिण अफ्रिकामा ८१ प्रतिशत छ।

*अफ्रिकामा विद्रोह*

सन् १९४८ मा पहिलो पटक अफ्रिकाली राष्ट्रिय पार्टीले विद्रोहको सुरुवात गरेको थियो। त्यस समयमा डच जर्मन पृष्ठभूमि भएका श्वेत वरिष्ठ मानिन्थे। शासन सत्ता उनीहरूको थियो। उनीहरूले चाहे अनुसार नै विभेद गरेर राज्यको निश्चित स्थानमा अन्यको उपस्थिति हुन सक्दैन थियो।

रङ्गभेदको असर यत्तिमा थिएन । भारतीय मूलका धेरै व्यक्तिको पनि दक्षिण अफ्रिकामा बसोबास थियो। उनीहरू माथिको यातना र रङ्गभेद नीतिको असर परेको थियो।

सुरुवातमा नै मूल सहरमा कब्जा गरेका अल्पसङ्ख्यक श्वेतले दक्षिण अफ्रिकाको मूल खनिजमा पकड जमाएका थिए। कृषि हुने जमिन आफूले लिएका थिए। प्रशासन र शासनमा एकलौटी पकड राखेका थिए।

रङ्गभेद नीतिमा केही प्रमुख कुरा। बसोबास गर्ने क्रममा श्वेत र अश्वेतको स्थान फरक थियो। मूल सहर भन्दा धेरै टाढा अश्वेतका लागि बसोबासको गर्ने ठाउँ तय गरिएको थियो।

देशको कुल १३ प्रतिशत श्वेत समुदायले देशको मुख्य स्थान कब्जा गरेको थियो। अश्वेतलाई राख्न छाडिएको स्थानमा जान नमानेका उनीहरू माथि कानुनी कारबाही हुने गरेको थियो।

समुदाय अनुसार भिन्न शिक्षाका क्षेत्र थिए। यी फरक क्षेत्रमा फरक गुणस्तरका शिक्षा रहेका थिए। श्वेतपढ्ने विद्यालयमा धेरै लगानी गरिएका हुन्थे। अश्वेत र श्वेतको बीचमा विवाह भएमा ठुलो कानुनी सजायको भागिदार हुन बाध्य बनाइन्थ्यो।

*रङ्गभेद विरुद्धको सङ्घर्ष*

रङ्गभेदको विरुद्धमा अफ्रिकन राष्ट्रिय काँग्रेस र अफ्रिकन काँग्रेस लगायतले विद्रोहको सुरुवात गरेका थिए। उनीहरूले सुरु गरेको विरोध प्रदर्शनमा सरकाले धेरै दमन गरेको थियो।

सन् १९६० मा को २१ मार्चमा भएको विरोध प्रदर्शनमा सरकारले ठुलो दमन गरेको थियो। सार्पेभिल नरसंहारको रूपले चिनिने सो दिन सडकमा आएका ७ हजार अश्वेतहरू माथि दमन गर्दा ६९ जना मारिनुका साथै १८१ जना घाइते भएका थिए। सन् १९६४ मा नेल्सन मन्डेला जेल चलान भएका थिए। त्यसपछि अन्तर्राष्ट्रिय समुदायले दक्षिण अफ्रिकामा भएको रङ्गभेद विरोधी आन्दोलनको पक्षमा एकबद्धता जनाउन सुरु गरेका थिए।

सन् १९७६ को जुनमा अश्वेत विद्यालयमा जबरजस्ती श्वेत भाषा लादिएपछि विद्रोह भएको थियो। त्यस समयमा सयौँ विद्यार्थी मारिएका थिए। त्यसै कारण जुन १६ लाई अहिले पनि सम्झने गरिन्छ।

देश भित्रको विद्रोह र अन्तर्राष्ट्रिय दबाबका बिच दक्षिण अफ्रिकामा राष्ट्रपति एफ डब्ल्यु डे क्लर्कले सन् १९९० मा मन्डेलालाई छाड्नका साथै प्रजातान्त्रिक आन्दोलनमा रहनेहरूसँग वार्ता अघि बढाउन सुरु गरे। त्यसै वार्तामार्फत् शान्ति स्थापना भएको दक्षिण अफ्रिकाले ३५ वर्ष यता ठुलो फड्को मारेको छ।

३५ वर्षको दक्षिण अफ्रिका

रङ्गभेद नीतिको अन्त्य पछि दक्षिण अफ्रिकामा सबै पक्षको उपस्थिति हुने गरी राज्यको पुर्न संरचना भएको थियो। विदेशी लगानी भित्रिएका छन्। कृषि र ग्रामीण अर्थतन्त्रले फड्का मारेको छ। शिक्षामा समानता छ। अहिले फेरिँदो दक्षिण अफ्रिकाको अवस्था तीनै मन्डेलको योगदान छ, जसको ५ डिसेम्बर २०१३ का निधन भइसकेको छ। १० मे १९९४ देखि चार वर्षको उनको शासन संसारमा समानता चाहनेका लागि आदर्श शासन हो। जसको नाममा दक्षिण अफ्रिका शताब्दी सम्म गर्व गर्छ।

# गाजामा हजारौँ भवन ध्वस्त पार्दै इजरायल

एजेन्सी

गाजा ३ साउन । इजरायलले मार्चमा हमाससँगको युद्धविराम तोडेसँगै गाजा क्षेत्रमा हजारौँ भवनहरू ध्वस्त पारेको पुष्टि भएको छ। पछिल्लो केही हप्तामा दशौँ हजार मानिस बसोबास गर्ने सहर तथा बस्तीहरू पूर्ण रूपमा समतल पारिएका हुन्।

उपग्रहबाट खिचिएका तस्बिरहरूले इजरायली सेनाले 'नियन्त्रण' लिएको भनिएको थुप्रै क्षेत्रहरूमा विनाशको व्यापक प्रमाण देखाएका छन्। यी मध्ये धेरै नियोजित रूपमा गरिएका ध्वंस हुन् । केही भवनहरू पहिले नै क्षतिग्रस्त थिए भने केही अझैसम्म प्रायः अक्षुण्ण देखिन्थे।

पुष्टि गरिएका भिडियोहरूमा टावर ब्लक, विद्यालय तथा अन्य पूर्वाधारहरूमा गरिएको नियन्त्रित विस्फोटनबाट ठुलो धुलो र भग्नावशेष उडेको देखिन्छ। यस्ता विस्फोट इजरायली सेनाले योजनाबद्ध रूपमा सञ्चालन गरिरहेको देखिन्छ।

बीबीसीलाई कानुनी विज्ञहरूले बताएका अनुसार, इजरायलले यस्ता ध्वंस कार्य गरेर जिनेभा सन्धि उल्लङ्घन गर्दै युद्ध अपराध गरेको हुनसक्ने देखिन्छ। जिनेभा सन्धिका अनुसार, अधिकृत शक्तिले सैन्य आवश्यकता बाहेक नागरिक पूर्वाधारको विनाश गर्न नपाउने स्पष्ट प्रावधान छ।

यद्यपि, इजरायली डिफेन्स फोर्स (आईडीएफ) का प्रवक्ताले सैन्य आवश्यकता परेको अवस्थामा मात्र सम्पत्ति ध्वस्त गरिएको दाबी गर्दै आफ्नो गतिविधि अन्तर्राष्ट्रिय कानून अनुसार नै रहेको बताएका छन्। उनका अनुसार, हमासले नागरिक क्षेत्रमै सैन्य संरचना लुकाउने कार्य गर्ने भएकाले इजरायलले बाध्य भएर ध्वंस गर्नुपरेको हो।



इजिप्टको सिमानासँगै जोडिएको राफाह सहर पछिल्लो समयमा विनाशको केन्द्र बनेको छ। अप्रिलपछि सबैभन्दा बढी क्षति यही क्षेत्रमा केन्द्रित छ। नियन्त्रित विस्फोट, डोजर र एक्स्काभेटर प्रयोग गरी पुरै क्षेत्रहरूलाई समूल नष्ट गरिएको छ।इजरायलका रक्षा मन्त्री इजरायल काट्जले गत जुलाईमा राफाहको भग्नावशेषमाथि 'मानवीय सहर' निर्माण गर्ने योजना सार्वजनिक गरे। सो योजनाअनुसार शुरुवाती ६ लाख प्यालेस्टिनीहरूलाई त्यहाँ सीमित गरिनेछ। तर, यो योजना व्यापक आलोचनाको घेरामा परेको छ। इजरायलका पूर्वप्रधानमन्त्री एहुद ओल्मर्टले बीबीसीसँग कुरा गर्दै उक्त प्रस्तावलाई 'एकप्रकारको यातना शिविर जस्तै देखिने बताएका थिए।

# ट्रम्पको दाबी : भारत-पाकिस्तान युद्ध फेरि रोकेँ

एजेन्सी

वासिङ्टन ३ साउन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक पटक फेरि भारत र पाकिस्तानबिचको युद्ध रोकाएको दाबी गरेका छन्। उनले हालै ह्वाइट हाउसमा रिपब्लिकन सांसदहरूसँगको डिनरका क्रममा भने, 'मलाई लाग्छ, भारत-पाकिस्तानको भिडन्तमा साँच्चिकै पाँचवटा जेट खसेका थिए।' तर उनले यी विमान कुन देशका थिए भनेर स्पष्ट गरेनन्।

ट्रम्प यसअघि पनि पटकपटक भारत-पाकिस्तानबिच युद्धविराम गराएको दाबी गरिसकेका छन्। पहिलो पटक उनले गत मे १० मा सामाजिक सञ्जालमार्फत यस्तो दाबी गरेका थिए। राष्ट्रपति ट्रम्पले व्यापारिक लाभलाई कूटनीतिक दबाबको हतियारका रूपमा प्रयोग गर्ने रणनीति अपनाएको पनि बताए। 'जबसम्म तपाईंहरू यो विवाद समाधान गर्नुहुन्न, हामी तपाईंहरूसँग व्यापारको कुरा गर्दैनौँ भनेर मैले भनेको थिएँ। अनि उनीहरूले त्यसपछि कदम चाल्न थाले,' ट्रम्पले भने।

उनले जुलाई १४ मा नाटो महासचिव मार्क रुटसँगको भेटमा पनि आफूले पहलगाम आतंकी हमलापछि भारत-पाकिस्तानबिचको तनाव बढ्न नदिएको भनेका थिए ।

*भारत र पाकिस्तानको आ-आफ्नो दाबी*

एएनआई समाचार एजेन्सीले सरकारी स्रोतहरूलाई उद्धृत गर्दै रिपोर्टमा ६ देखि १० मेको बिच भारतले पाकिस्तानको पञ्जाब र पाकिस्तान प्रशासित कश्मीर मा अवस्थित आतंककारी शिविरहरूमा हमला गरेको उल्लेख गरेको छ । यस हमलामा भारतले 'अप्रेशन सिंदूर' संचालन गरेको बताइएको छ।

रिपोर्ट अनुसार पाकिस्तानका ६ फाइटर जेट, ३ एयरक्राफ्ट र १० ड्रोन तथा क्रुज मिसाइल नष्ट गरिएको थियो। सुदर्शन मिसाइल प्रणालीमार्फत ३०० किलोमिटर टाढा उडिरहेको हाई भ्यालु टार्गेटलाई खसाइएको थियो। राफेल र सुखोई-३० विमानद्वारा पाकिस्तानका हैंगर र ड्रोन केन्द्रहरूमा आक्रमण गरिएको थियो।

यता, पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले संसदमा ५ भारतीय लडाकु विमान खसालेको दाबी गरेका थिए, जसमा ३ राफेल विमानसमेत थिए। पछि पाकिस्तानले यो संख्या ६ विमान पुगेको पनि बताएको थियो। ११ जुलाईमा पाकिस्तानका विदेश मन्त्रालय प्रवक्ता शफकत अली खानले प्रेस ब्रीफिङमा भने, 'भारतले आफ्ना ६ विमान गुमाएको कुरा स्वीकार गर्नुपर्छ, काल्पनिक कथा बनाउने होइन।'

# जनकपुर विकासमा सबैको सहभागिता आवश्यक : मेयर साह



दैनिक समाचारदाता
जनकपुरधाम, ३ साउन । जनकपुरधाम उपमहानगरपालिका नगरप्रमुख मनोजकुमार साहले ऐतिहासिक तथा धार्मिक हिसावले अत्यन्त महत्वपुर्ण रहेकोले जनकपुरको विकास निमार्णको कार्यमा समाजका हरेक वर्गले सहयोग गर्नुपर्ने विचारव्यक्त गर्नुभएको छ ।

जनकपुरधाम उपमहागनगरपालिकाको वडा नं २१ स्थित कुर्थामा पक्कीढलान सडकको उद्घाटन पश्चात आयोजित समारोहलाई सम्वोधन गर्दै विश्वमै धार्मिक पर्यटनका लागि महत्वपुर्ण रहेको जनकपुरको विकास आवश्यक रहेको वताउँनुभयो ।

आन्तरिक तथा वाहिरी पर्यटनको मार्फत जनकपुरमा व्यवसाय तथा रोजगारी वढाउनका लागि जनकपुरलाई स्वच्छ , सफा तथा भौतिकपूर्वाधार सहित सडकको निमार्णमा आफूले विशेष जोडदिएको उल्लेखगर्दै जनकपुरधाम उपहानगरपालिकाको उदेश्य तथा लक्ष्य तथा विकासको कार्यमा राजनीति भन्दामा माथि उठेर सहयोगगर्न विचार व्यक्त गर्नुभयो । उपमहानगरपालिको एक्लो प्रयासले जनकपुरको विकास सम्भव नभएकोले सवैको सहयोग तथा सल्लाह आवश्यक रहेको उहाँको भनाई थियो ।

जिल्ला समन्वय समिति धनुषका सदस्य तथा समाज सेवी महेन्द्र महतोले समाजको विकासमा कुन भेदभाव नराखी स्वच्छ भावनाले सवैले सहयोग गर्नुपर्ने विचार व्यक्तगर्दै कुर्थाको विकास लगायत अन्य कार्यमा यहाँको २१ नं वडाले गरेको कार्य महत्वपूर्ण रहेको वताउँनुभयो ।

जनकपुर उपहानगरपालिका वडा नं २१का वडा अध्यक्ष राजनारायण साह (राजु)ले आफूले वडाको विकास निमार्णका साथै महिला तथा वालवालिकलाई आत्मनिर्भर वनाउन विभिन्न किसिमका शीपमूलक तालिम तथा जनचेतना अभियान तथा कृषि पेशालाई व्यवसायिक वनाउनमा पनि जोडदिएको उल्लेख गर्नुभयो ।

सोही अवसरमा वडा सदस्य आशाराम पाशवानले वडाका जनताको समस्यावारे वोल्नु भएको थियो । सो समारोहमा वडा नं २१ मा विकास निमार्णका साथै समाजमा उल्लेखनीय कार्यगर्ने व्यक्तिलाई सम्मान गरिएको थियो ।

यसरी सम्मान गरिएकाहरुमा स्निेहीप्रसाद निराला , नावेन्द्र झा , लिलेश साह , चन्द्रेश्वर साह , मो.नुरमोहम्मद अली , शेषर महासेठ , श्रीदेव मंडल , वनवाली मंडल , चन्देश्वर मंडल ,शंकरदास , रामएकवाल दास ,मुकेश पंण्डित, तथा महेन्द्र महतो रहेका छन् । उनीहरुलाई प्रशंसापत्रवाट सम्मान गरिएको थियो ।

# राास्वपा प्रदेश सभा खारेजीको पक्षमा छ : मनिष झा



दैनिक समाचारदाता
काठमाडौं ३ साउन । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले रास्वपा प्रदेश सभा खारेज गर्ने पक्षमा रहेको बताएका छन् । आज काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले प्रदेश रहने तर प्रदेश सभा खारेज गर्ने रास्वपाको नीति रहेको बताए ।

प्रदेश सभामा पुग्ने प्रदेशको स्थानीय तह बनाउने गरी आफूहरू अघि बढिरहेको उनले बताए । पालिकाहरूको प्रतिनिधि पुगेर प्रदेश सभाको व्यवस्था गर्ने र त्यसपछि नै एक अर्काले प्रदेश, स्थानीय तहलाई बुझ्ने उनले बताए । रास्वपाले सङ्घमा २१ वटा मन्त्रालयबाट १५ मा झार्ने योजनाअनुसार आफ्नो नीति अघि बढाइरहेको बताए ।

विभिन्न कालखण्डमा बनाइएका आयोगहरू खारेज गर्ने पक्षमा रास्वपा रहेको उल्लेख गरे ।

सांसद झाले नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूको आफ्नो योजना, सिद्धान्त, रणनीति केही नरहेको र रास्वपाका नेताहरूको जवाफ दिएर बस्ने काम गरिरहेको बताए ।

सत्तापक्षले संसदमा प्रतिपक्षको खण्डन नगर्ने भन्दै अब सत्तापक्षलाई संसदीय अभ्यास रास्वपाले सिकाउने बताए ।

# भुटानमाथि नेपालको सानदार जित



दैनिक समाचारदाता
काठमाडौं, ३ साउन । बङ्गलादेशमा जारी साफ यु-२० महिला च्याम्पियनसिपमा नेपालले भुटानमाथि अर्को सानदार जित निकालेको छ ।

ढाकास्थित बसुन्धरा किङ्स एरिनामा शनिबार भएको खेलमा नेपालले भुटानलाई ८-० गोलले हरायो । एकपक्षीय खेलमा नेपालले पहिलो हाफमा ६ र दोस्रो हाफमा दुई गोल गरेको थियो ।

नेपालको जितमा प्रर्णिमा राई र मीना देउवाले ह्याट्रिक पूरा गर्नुभयो । यस्तै समीक्षा घिमिरे र कुसुम खतिवडाले एक एक गोल गर्नुभयो । यसअघिको खेलमा नेपालले भुटानलाई ६-१ गोलले हराएको थियो ।

यस्तै चार टोली सहभागी च्याम्पियनसिपमा नेपालले श्रीलङ्कालाई दुवै खेलमा समान ७-० गोलले हराएको थियो । नेपाल जारी च्याम्पियनसिपको आफ्नो दोस्रो खेलमा भने घरेलु टोली बङ्गलादेशसँग ३-२ गोलले पराजित भएको थियो ।

यस च्याम्पियनसिपको पाँच खेलमा चौथो जित निकालेको नेपालले १२ अङ्क बनाएको छ । नेपाललाई च्याम्पियन बन्न अब घरेलु टोली बङ्गलादेशविरुद्ध सोमबार हुने अन्तिम खेल जित्नुपर्ने छ ।

च्याम्पियनसिपमा सहभागी चार टोलीले एक आपसमा दुई पटक खेलेपछि शीर्षस्थानमा रहने टोली च्याम्पियन बन्ने छ ।

# विविध विधाका कृतिलाई अनेसास पुरस्कार

दैनिक समाचारदाता
काठमाडौं, ३ साउन । अन्तरराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)ले विविध विधामा प्रकाशित कृतिलाई पुरस्कृत गरेको छ । भर्चुअलमाध्यमबाट आज भएको अनेसासको वार्षिक साधारणसभा एवं २१२औं भानु जयन्ती समारोहमा अनेसासले विभिन्न विधाका कृतिलाई पुरस्कृत गरिएको हो ।

सबैभन्दा ठुलो अमेरिकी डलर दुई हजार १०० राशीको अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार रोशन थापा नीरवको 'सन्त्रासको साठी दिन' लाई प्रदान गरिएको छ । यस्तै, अनेसास राष्ट्रकवि सर्वोत्कृष्ट काव्य पुरस्कार कृसु क्षेत्रीको 'पसिनाको क्यानभास', अनेसास सर्वोत्कृष्ट निबन्ध पुरस्कार मोमिला जोशीको 'प्रश्नहरू त बाँकी नै रहन्छन्', अनेसास सर्वोत्कृष्ट कथा पुरस्कार कृष्ण कुसुमको कथा सङ्ग्रह 'पार्श्व ध्वनि', अनेसास सर्वोत्कृट समालोचना दर्शन तथा संस्कृती पुरस्कार डा दुर्गाबहादुर घर्तीको 'सास्कृतिक अध्ययन', र सर्वोत्कृष्ट उपन्यास पुरस्कार अखण्ड भण्डारीको 'बोरा' लाई प्रदान गरिएको छ ।

यसैगरी अनेसास सर्वोत्कृष्ट लोकसाहित्य पुरस्कार शशिराम कार्कीको 'रुकुमका लोककथा', अनेसास सर्वोत्कृष्ट गीत गजल पुरस्कार लक्ष्मण सिटौलाको गीति सङ्ग्रह 'धर्तीको ध्वनि', अनेसास सर्वोत्कृष्ट बाल साहित्य पुरस्कार विमला ढुङ्गाना निरौलाको 'यात्रामा देश', अनेसास सर्वोत्कृष्ट डायस्पोरा काव्य पुरस्कार जगन्नाथ पौडेलको कविता सङ्ग्रह 'बग्दा बग्दै' र अनेसास सर्वोत्कृष्ट डायस्पोरा वाङ्मय पुरस्कार तुलसी आचार्यको उपन्यास 'स्वप्न भूमि' लाई प्रदान गरिएको छ । यी पुरस्कारको राशी अमेरिकी डलर पाँच सयदेखि १५०० सम्म रहेको छ ।

पुरस्कार छनोट समितिका सदस्य सन्ध्या पहाडीले विश्वभरबाट छनोट गरिएका दुई सयभन्दा बढी कृतिमध्ये पहिलो र दोस्रो चरणमा गरी उल्लेखित कृतिलाई पुरस्कृत गर्न समितिले सिफारिस गरेको बताउनुभयो । सोही सिफारिसअनुसार अनेसासको कार्यसमितिले पुरस्कार प्रदान गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।


अनेसासले नेपाली भाषा, साहित्य र संस्कृतिलाई अन्तरराष्ट्रिय क्षेत्रमा प्रचारप्रसारका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसै क्रममा विगत लामो समयदेखि स्वदेश तथा विदेशबाट नेपाली भाषामा प्रकाशित कृतिहरू संकलन गरी हरेक दुई वर्षमा पुरस्कृत गरिँदै आएको अनेसासले जनाएको छ ।

## सप्तरीमा.....

अनुसन्धानपछि मृतकको शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

त्यस्तै, सप्तरीको राजविराज नगरपालिका-८, हिमालय टोलमा शनिबार एक महिलाको मृत्यु भएको छ । स्थानिय कृष्ण पोखरेलको घरमा डेरा गरी बस्ने सर्लाहीको चन्द्रगर गाउँपालिका-१, किसानपुर घर भएका २९ वर्षीया रितु पौडेल आफ्नै कोठाको सिलिङ पङ्खामा खादाको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४